# नेपाल राजपत्र

नेपाल सरकारद्वारा प्रकाशित

खण्ड ६२) काठमाडौं मंसीर ५ गते, २०६९ साल (अतिरिक्ताङ्क १८

## भाग २

नेपाल सरकार

## कानून, न्याय, संविधान सभा तथा संसदीय मामिला मन्त्रालय

नेपाल सरकारबाट जारी भएको तल लेखिएबमोजिमको अध्यादेश सर्वसाधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

सम्वत् २०६९ सालको अध्यादेश नं. ६

### आर्थिक वर्ष २०६९/०७० मा सञ्चालन गरिने सेवा र कार्यहरुको लागि आर्थिक वर्ष २०६८/०६९ को कुल व्यय बराबरको रकम सञ्चित कोषबाट झिक्ने तथा विनियोजन गरी खर्च गर्ने अधिकारको व्यवस्था गर्न बनेको अध्यादेश

प्रस्तावना : आर्थिक वर्ष २०६९/०७० मा सञ्चालन गरिने सेवा र कार्यहरुको लागि आर्थिक वर्ष २०६८/०६९ को कुल व्यय बराबरको रकम सञ्चित कोषबाट झिक्ने तथा विनियोजन गरी खर्च गर्ने अधिकार नेपाल सरकारलाई प्रदान गर्न तत्काल आवश्यक भएको र हाल व्यवस्थापिका-संसद नभएकोले,

नेपालको अन्तरिम संविधान, २०६३ को धारा ८८ को उपधारा (१) बमोजिम मन्त्रिपरिषद्को सिफारिसमा राष्ट्रपतिबाट यो अध्यादेश जारी भएको छ ।

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

१. **संक्षिप्त नाम र प्रारम्भ** : (१) यस अध्यादेशको नाम "सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने तथा विनियोजन गरी खर्च गर्ने अधिकारको व्यवस्था गर्ने अध्यादेश, २०६९" रहेको छ ।

(२) यो अध्यादेश तुरुन्त प्रारम्भ हुनेछ ।

२. **आर्थिक वर्ष २०६९/०७० को निमित्त सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकार** : (१) आर्थिक वर्ष २०६९/०७० को निमित्त सञ्चित कोष माथि व्ययभार हुने रकम अनुसूची-१ बमोजिम हुनेछ ।

(२) अनुसूची-२ को महल ३ मा उल्लेख गरिएका निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त सोही अनुसूचीको महल ४ को चालु खर्च, महल ५ को पूँजीगत खर्च र महल ६ को वित्तीय व्यवस्था समेत गरी महल ७ मा उल्लिखित जम्मा रु.३,००,६४,१०,४४,०००- (तीन खर्व चौसठ्ठी करोड दश लाख चवालीस हजार रुपैयाँ) सम्मको रकम निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट झिक्न र खर्च गर्न सकिनेछ ।

(३) उपदफा (२) बमोजिमको सीमाभित्र रही कुनै निकाय, मन्त्रालय तथा सचिवालयले आर्थिक वर्ष २०६८/०६९ मा गरेको यथार्थ खर्च बराबरमा नबढ्ने गरी निकासा लिन र खर्च गर्न सक्नेछ ।

(४) उपदफा (२) मा उल्लिखित रकममा सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने अध्यादेश, २०६९ बमोजिमको रकम समावेश गरिएको छ ।

३. **खर्च सम्बन्धी व्यवस्था** : (१) यस अध्यादेशद्वारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६९/०७० को निमित्त अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले आर्थिक वर्ष २०६८/०६९ मा सञ्चालन गरेका सेवा र कार्यहरुलाई निरन्तरता दिनका लागि खर्च गर्न सक्नेछ ।

(२) यस अध्यादेशद्वारा खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०६८/०६९ मा जुन-जुन बजेट उप-शीर्षकबाट खर्च भएको हो सोही बजेट उप-शीर्षकबाट खर्च गर्न सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

(३) उपदफा (१) र (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि संविधानसभा निर्वाचन खर्च, राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालय गठन गर्दा लाग्ने खर्च र स्वेच्छिक अवकाश रोजेका माओवादी सेनाका लडाकुहरुले पाउने रकमको लागि लाग्ने खर्च आर्थिक वर्ष २०६८/०६९ मा गरेको यथार्थ खर्च बराबरको रकम भित्रै समावेश गरिएको अनुसूची-२ बमोजिम खर्च गर्न बाधा पर्ने छैन ।

(४) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले वैदेशिक सहायताको सम्झौता अनुरुप सञ्चालन र खर्च गर्नु पर्ने नयाँ कार्य र आयोजनामा खर्च गर्न बाधा पर्ने छैन ।

(५) अनुसूची-१ मा उल्लिखित अनुदान संख्या ६०२ को रकम सोही अनुसूची भित्रको अनुदान संख्यामा र अनुसूची-२ मा उल्लिखित अनुदान संख्या ६०१ र ६०२ मा उल्लिखित खर्च गर्न अधिकार दिइएको रकमबाट अन्य कुनै पनि अनुदान संख्या अन्तर्गतको बजेट उप-शीर्षकमा आवश्यक रकम सार्न वा निकासा र खर्च गर्न सकिनेछ ।

(६) यस दफामा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि अनुसूची-२ को महल ३ मा उल्लिखित निकाय, मन्त्रालय तथा सचिवालयले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा नपुग हुने देखिन आएमा नेपाल सरकारले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ। त्यसरी रकम झिक्दा झिक्ने शीर्षकको जम्मा रकमको दश प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एकभन्दा बढी शीर्षकहरुमा रकम सार्न, निकासा गर्न र खर्च जनाउन सकिनेछ। पूँजीगत खर्च तथा वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालु खर्च शीर्षकतर्फ सार्न तथा वित्तीय व्यवस्था अन्तर्गत साँवा भुक्तानी खर्चतर्फ विनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन ।

तर चालु तथा पूँजीगत खर्च व्यहोर्ने एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ ।



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४. अखितयारी सम्बन्धी व्यवस्था : (१) प्रचलित कानूनमा जुनसुकै कुरा लेखिएको भए तापनि यस अध्यादेश अन्तर्गत निकासा दिइने रकमको सम्बन्धमा अर्थ मन्त्रालयले सम्बन्धित निकाय, मन्त्रालय तथा सचिवालयलाई रकम खुलेको विवरण र बजेट खर्च गर्ने वा गराउने अख्तियारी दिनेछ ।

(२) उपदफा (१) बमोजिम अख्तियारी प्राप्त भएपछि सम्बन्धित निकाय, मन्त्रालय तथा सचिवालयले यस अध्यादेश र प्रचलित कानूनको अधीनमा रही त्यस्तो रकम खर्च गर्नु पर्नेछ ।

५. स्थानीय निकायलाई दिइने नि:शर्त अनुदान सम्बन्धी व्यवस्था : (१) यस अध्यादेशमा अन्यत्र जुनसुकै कुरा लेखिएको भए तापनि स्थानीय निकायलाई दिइने नि:शर्त अनुदानका लागि आर्थिक वर्ष २०६८/०६९ को यथार्थ खर्च बराबरको रकममा नबढ्ने गरी अर्थ मन्त्रालयले सम्बन्धित स्थानीय निकायलाई निकासाको अख्तियारी दिनेछ ।

(२) उपदफा (१) बमोजिमको रकमबाट भएको खर्चको अनुगमन तथा केन्द्रीय लेखा सम्वन्धित मन्त्रालयले तयार गर्नु पर्नेछ ।

६. खारेजी र बचाउ : (१) सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट रकम झिक्ने र खर्च गर्ने अधिकारको व्यवस्था गर्ने अध्यादेश, २०६९ खारेज गरिएको छ ।

(२) उपदफा (१) बमोजिमको अध्यादेश बमोजिम भए गरेका काम कारवाही यसै अध्यादेश बमोजिम भए गरेको मानिनेछ ।

४५८


आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।
मुद्रण विभाग

अनुसूची – १
(दफा २ सँग सम्बन्धित)
नेपालको अन्तरिम संविधान २०६३ बमोिजम
**सञ्चित कोषमाथि व्ययभार हुने रकम**

रु.हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ |
|---|---|---|---|---|---|
| क्र सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ४५२२ | ० | ४५२२ |
| २ | १०२ | उपराष्ट्रपति | ४३९४ | ० | ४३९४ |
| ३ | २०२ | संविधान सभा /व्यवस्थापिका - संसद | ५३०५ | ० | ५३०५ |
| ४ | २०४ | अदालत | २२०५२१ | ० | २२०५२१ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | १२१८६४ | ० | १२१८६४ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | २११४६० | ० | २११४६० |
| ७ | २१० | लोक सेवा आयोग | २८१९१९ | ० | २८१९१९ |
| ८ | २१२ | निर्वाचन आयोग | २४९९६६ | ० | २४९९६६ |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | ९५५०० | ० | ९५५०० |
| १० | ५०२ | अर्थ मन्त्रालय- आन्तरिक ऋण भुक्तानी | १४८९७१६५ | १५००५३५० | २९९०२५१५ |
| ११ | ५०३ | अर्थ मन्त्रालय- वैदेिशक ऋण भुक्तानी (बहुपक्षीय) | ३५२७१३१ | १२२४११३९ | १५७६८२७० |
| १२ | ५०४ | अर्थ मन्त्रालय- वैदेिशक ऋण भुक्तानी (द्विपक्षीय) | ८१४८४७ | ३६०४५७४ | ४४१९४२१ |
| १३ | ६०२ | अर्थ मन्त्रालय - विविध | १०००० | ० | १०००० |
| | | जम्मा | २०४४४५९४ | ३०८५१०६३ | ५१२९५६५७ |

मुद्रण विभाग, सिंहदरबार



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

अनुसूची – २

(दफा २ र ३ सँग सम्बन्धित)

**सञ्चित कोषबाट खर्च हुने रकम**

रू. हजारमा

| १ | २ | ३ | ४ | ५ | ६ | ७ |
|---|---|---|---|---|---|---|
| क.सं | अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूंजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
| १ | १०१ | राष्ट्रपति | ५०,७४५ | १३०,१०५ | – | १८०,८५० |
| २ | १०२ | उपराष्ट्रपति | १४,९५० | ७,३०३ | – | २२,२५३ |
| ३ | २०२ | संविधान सभा /व्यवस्थापिका - संसद | १३३,६४३ | ८७१ | – | १३४,५१४ |
| ४ | २०४ | अदालत | १,०८३,१७१ | ३०४,७६८ | – | १,३८७,९३९ |
| ५ | २०६ | अख्तियार दुरुपयोग अनुसन्धान आयोग | ८,३१७ | २,३६२ | – | १०,६७९ |
| ६ | २०८ | महालेखा परीक्षकको कार्यालय | ६,३५१ | ७,२६८ | – | १३,६१९ |
| ७ | २१० | लोक सेवा आयोग | १३,६९४ | ३१,३३८ | – | ४५,०३२ |
| ८ | २१२ | निर्वाचन आयोग | ७७,२६३ | २३,९७६ | – | १०१,२३९ |
| | | (क) संविधानसभा निर्वाचन खर्च | ३,०००,००० | – | – | ३,०००,००० |
| ९ | २१४ | राष्ट्रिय मानव अधिकार आयोग | – | २,३४६ | – | २,३४६ |
| १० | २१६ | महान्यायाधिवक्ताको कार्यालय | २३०,२१८ | ६५,०३५ | – | २९५,२५३ |
| ११ | २१८ | न्याय परिषद् | ११,६३८ | ७,२०३ | – | १८,८४१ |
| १२ | ३०१ | प्रधानमन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय | ३,०२७,९७७ | १६१,८७७ | – | ३,१८९,८५४ |
| १३ | ३०५ | अर्थ मन्त्रालय | २,७७७,५२२ | ४६३,८८८ | ७०७,५९६ | ३,९४९,००६ |
| १४ | ३०७ | उद्योग मन्त्रालय | ७१९,९२४ | ४३०,३०५ | – | १,१५०,२२९ |
| १५ | ३०८ | उर्जा मन्त्रालय | ४१८,२०९ | २२५,९०८ | – | ६४४,११७ |
| १६ | ३११ | कानून, न्याय, संविधानसभा तथा संसदीय मामिला मन्त्रालय | ५७,६४३ | ७,५७० | – | ६५,२१३ |
| १७ | ३१२ | कृषि विकास मन्त्रालय | ८,३३०,१६७ | ६८३,२५३ | – | ९,०१३,४२० |
| १८ | ३१४ | गृह मन्त्रालय | २१,१५९,३३३ | १,६२४,५२९ | – | २२,७८३,८६२ |
| १९ | ३२५ | संस्कृति, पर्यटन तथा नागरिक उड्डयन मन्त्रालय | १,०३२,१८९ | ४३५,६७५ | ३१,४२४ | १,४९९,२८८ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

| | | | | | | |
|---|---|---|---|---|---|---|
| २० | ३२६ | परराष्ट्र मन्त्रालय | १,८१२,७४५ | १०२,५५१ | - | १,९१५,२९६ |
| २१ | ३२९ | बन तथा भू-संरक्षण मन्त्रालय | ३,३८१,४२१ | ९१६,७०० | - | ४,२९८,१२१ |
| २२ | ३३० | वाणिज्य तथा आपूर्ति मन्त्रालय | ८१०,२९४ | ३९,५२६ | - | ८४९,८२० |
| २३ | ३३१ | वातावरण, विज्ञान तथा प्रविधि मन्त्रालय | १,७८६,६०७ | २०२,५२९ | - | १,९८९,१३६ |
| २४ | ३३६ | भूमिसुधार तथा व्यवस्था मन्त्रालय | १,३६६,४७४ | ३६९,११२ | - | १,७३५,५८६ |
| २५ | ३३७ | भौतिक योजना, निर्माण तथा यातायात व्यवस्था मन्त्रालय | ३,२३४,८०१ | १८,३२७,८७१ | - | २१,५६२,६७२ |
| २६ | ३४० | महिला, बालबालिका तथा समाज कल्याण मन्त्रालय | ७९७,७२९ | १२७,०६७ | - | ९२४,७९६ |
| २७ | ३४३ | युवा तथा खेलकूद मन्त्रालय | ६२२,३३५ | ३९,७८१ | - | ६६२,११६ |
| २८ | ३४५ | रक्षा मन्त्रालय | १८,५३५,३२० | १,३९७,५७८ | - | १९,९३२,८९८ |
| | | (क) राष्ट्रिय विकास तथा सुरक्षा महानिर्देशनालय गठन गर्दा लाग्ने खर्च | १,५००,००० | - | - | १,५००,००० |
| २९ | ३४७ | शहरी विकास मन्त्रालय | २,९९५,५९१ | ४,३९०,७४९ | - | ७,३८६,३४० |
| ३० | ३४९ | शान्ति तथा पुनर्निर्माण मन्त्रालय | ७,७९९,७९० | १,०२५,०१८ | - | ८,८२४,८०८ |
| | | (क) स्वेच्छिक अवकाश रोजेका माओवादी सेनाका लडाकुहरुले पाउने रकम | ३,६९१,३०० | - | - | ३,६९१,३०० |
| ३१ | ३५० | शिक्षा मन्त्रालय | ५५,०६६,८१४ | १२४,९७९ | - | ५५,१९१,७९३ |
| ३२ | ३५२ | सहकारी तथा गरिबी निवारण मन्त्रालय | ४४५,७३० | ५५,९७३ | - | ५०१,७०३ |
| ३३ | ३५६ | सामान्य प्रशासन मन्त्रालय | ४५३,२६४ | १५,६०९ | - | ४६८,८७३ |
| ३४ | ३५७ | सिंचाइ मन्त्रालय | ७४८,८१७ | ७,१८३,३२५ | - | ७,९३२,१४२ |
| ३५ | ३५८ | सूचना तथा सञ्चार मन्त्रालय | २,३४६,९०४ | १७८,८५८ | - | २,५२५,७६२ |
| ३६ | ३६५ | संघीय मामिला तथा स्थानीय विकास मन्त्रालय | २७,१९६,३१५ | ३,७८६,२३३ | - | ३०,९८२,५४८ |
| ३७ | ३७० | स्वास्थ्य तथा जनसंख्या मन्त्रालय | १३,७१५,०८४ | २,८७०,५९२ | - | १६,५८५,६७६ |
| ३८ | ३७१ | श्रम तथा रोजगार मन्त्रालय | ३४८,६७७ | २०,५९९ | - | ३६९,२७६ |
| ३९ | ३९१ | राष्ट्रिय योजना आयोगको सचिवालय | ४९२,९३७ | ६१,२१४ | - | ५५४,१५१ |
| ४० | ५०१ | अर्थ मन्त्रालय-वित्तीय व्यवस्था | - | - | १९,१२९,३९१ | १९,१२९,३९१ |
| ४१ | ६०१ | अर्थ मन्त्रालय- कर्मचारी सुविधा तथा सेवानिवृत्त सुविधा | १८,७८४,६७९ | - | - | १८,७८४,६७९ |
| ४२ | ६०२ | अर्थ मन्त्रालय - विविध | १६,३४२,१६१ | ५,४९२,४४६ | ३,०००,००० | २४,८३४,६०७ |
| | | कूल जम्मा | २२६,४२८,७४३ | ५१,३४३,८९० | २२,८६८,४११ | ३००,६४१,०४४ |



आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

द्रष्टव्य :

१. नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ बमोजिम स्थापित शहरी विकास मन्त्रालय र सहकारी तथा गरीबी निवारण मन्त्रालयहरुलाई नयाँ अनुदान संख्या दिइएको छ । यी मन्त्रालयहरुको लागि आवश्यक खर्च यस अध्यादेशको दफा ३ को उपदफा (५) बमोजिम अर्थ मन्त्रालय-विविधबाट सोही नयाँ अनुदान संख्यामा निकासा दिइनेछ ।

२. नाम हेरफेर भएका तथा कार्य क्षेत्र थपघट भएका निकाय, मन्त्रालय र सचिवालयको हकमा नेपाल सरकार (कार्य विभाजन) नियमावली, २०६९ बमोजिम जुन जुन निकाय, मन्त्रालय र सचिवालय अन्तर्गत परेका छन् सोही अनुरुप कुल खर्च बराबरको रकम खर्च गर्ने अख्तियारी पठाइनेछ ।

३. अनुसूची-२ को अनुदान संख्या ६०१ र ६०२ को रकमबाट चालु र विकास कार्यका लागि भुक्तानी दिन नपुग हुने रकम, वैदेशिक सहायता संलग्न आयोजनामा नेपाल सरकारको योगदान वापतको रकम, कर्मचारीको तलब भत्ता, निवृत्तिभरण लगायतको नपुग हुने कर्मचारी खर्च मात्र व्यहोरिने छ ।

४ यस अनुसूचीमा उल्लिखित विनियोजित रकमको अधीनमा रही अर्थ मन्त्रालयले खर्चको शीर्षकगत छुट्टै पुस्तिका जारी गर्न सक्नेछ । त्यस्तो पुस्तिकामा वैदेशिक सहायताको प्रतिवद्धता सम्बन्धी छुट्टै खर्च शीर्षक कायम गर्न सकिनेछ ।

प्रमाणीकरण मिति : २०६९।८।५।३

आज्ञाले,

**भेषराज शर्मा**

**नेपाल सरकारको सचिव**



मुद्रण विभाग, सिंहदरबार, काठमाडौंमा मुद्रित । मूल्य रू. ५।-
मो.हु.द.नं. १६।०६२।०६३

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।